# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : केपिलासगढी गाउँपालिका, खोटाङ , केपिलासगढी गाउँपालिका , खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अजम्बर राई | २०७९-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राज कुमार खत्री | २०७६-९-११ | |
| | | बेरुजु रकम | ४४,४६९,२०१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८,३६,६१,४०१.२४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,१५,५९,६२५ | चालु खर्च | २६,४६,३२,३२७.९५ |
| प्रदेश सरकारबाट अनुदान | २,७८,२४,६९८.१४ | पूँजीगत खर्च | १४,८४,१९,२९७.७१ |
| राजश्व बाँडफाँट | ५,८८,५५,८८१.४९ | वित्तीय/अन्य व्यवस्था | ९,४५,४६,०८७.२९ |
| आन्तरिक आय | ३७,९६,६१९.६७ | | |
| अन्य आय | ९,६९,१८,५६१.९८ | | |
| कुल आय | ४८,८९,५५,३८६.२८ | कुल खर्च | ५०,७५,९७,७१२.९५ |
| बाँकी मौज्दात | | ६,५०,१९,०७४.५७ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले केपिलासगढि गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ७ वडा, ३७ गाँउसभा सदस्य, १९१.५५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार २८८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५। २२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **आर्थिक विवरण** | |

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४१,४५,३९,३४४.४० | ३९,७६,३३,०४४.४७ | | ३९,७६,३३,०४४.४७ | ३५,१९,२८,३९१.१५ | ५१,४४,०७२.७० | ३५,७०,७२,४६३.८५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,६२,३५,१९९.२२ | ३८,६७,०८,५७८.२९ | ० | ३८,६७,०८,५७८.२९ | ३४,६५,५३,९४९.८३ | ५१,४४,०७२.७० | ३५,१६,९८,०२२.५३ |
| ११००० कर | ११ | ७,४७,५४,६९९.२२ | ६,०६,९१,९५३.२९ | ० | ६,०६,९१,९५३.२९ | ५,३९,४५,५९९.८३ | ० | ५,३९,४५,५९९.८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३००० अनुदान | | ३२,८९,८०,५०० | ३२,६०,१६,६२५ | ० | ३२,६०,१६,६२५ | २९,२२,६३,३५० | ५१,४४,०७२.७० | २९,७४,०७,४२२.७० | | |
| | | | | संघीय सरकार | १२ | ३०,२०,४३,००० | ३०,१५,५९,६२५ | ० | ३०,१५,५९,६२५ | २६,४८,३४,३५० | ५१,४४,०७२.७० | २६,९९,७८,४२२.७० | | |
| | | | | प्रदेश सरकार | १२ | २,४५,३७,५०० | २,४४,५७,००० | ० | २,४४,५७,००० | २,७४,२९,००० | ० | २,७४,२९,००० | | |
| | | | | अन्तरिक श्रोत | | २४,००,००० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | १४००० अन्य राजस्व | | २५,००,००० | ० | ० | ० | ३,४५,००० | ० | ३,४५,००० | | |
| | | | | ख. अन्य प्राप्ति | | ८३,०४,१४५.१८ | १,०९,२४,४६६.१८ | | १,०९,२४,४६६.१८ | ५३,७४,४४१.३२ | | ५३,७४,४४१.३२ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ८३,०४,१४५.१८ | ८३,९४,५३५.१८ | ० | ८३,९४,५३५.१८ | ३२,३६,७५८.१८ | ० | ३२,३६,७५८.१८ | | |
| | | | | धरौटी | | ० | २५,२९,९३१ | ० | २५,२९,९३१ | २१,३७,६८३.१४ | ० | २१,३७,६८३.१४ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ४८,९९,१८,११७.१३ | ४२,१८,३०,३३१.५५ | | ४२,१८,३०,३३१.५५ | ३०,३०,३८,९२३.०५ | ८७,५२,९२४.८९ | ३१,१७,९१,८४७.९४ | | |
| | | | | ग. भुक्तानी | | ४८,१६,१३,९७१.९५ | ४१,३०,५१,६२५.६६ | | ४१,३०,५१,६२५.६६ | २९,९१,७१,३१८.०५ | ८७,५२,९२४.८९ | ३०,७९,२४,२४२.९४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (सञ्चित कोषबाट) | | | | | | | | | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ११,६५,२७,००० | १०,७१,०९,७९७.८६ | ० | १०,७१,०९,७९७.८६ | १०,९१,४८,१४५.२४ | ० | १०,९१,४८,१४५.२४ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,७८,८६,५०० | १०,४९,७८,९७७.१३ | ० | १०,४९,७८,९७७.१३ | ९,०१,०७,५२८.२२ | ० | ९,०१,०७,५२८.२२ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १०,७०,००० | ७,८१,५०० | ० | ७,८१,५०० | २,६९,०२५.५० | ० | २,६९,०२५.५० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १,०७,१४,००० | १,०२,३४,४७६ | ० | १,०२,३४,४७६ | १,०४,००० | ० | १,०४,००० | | |
| | | | | २८००० अन्य खर्च | १८ | ४,२२,३२,४५९.९६ | ४,१५,२७,५७६.९६ | ० | ४,१५,२७,५७६.९६ | ११,७३,३५० | ० | ११,७३,३५० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,३१,८४,०११.९९ | १४,८४,१९,२९७.७१ | ० | १४,८४,१९,२९७.७१ | ९,८३,६९,२६९.०९ | ८७,५२,९२४.८९ | १०,७१,२२,१९३.९८ | | |
| | | | | घ. अन्य भूक्तानी | | ८३,०४,१४५.१८ | ८७,७८,७०५.८९ | | ८७,७८,७०५.८९ | ३०,३०,३८,९२३.०५ | ८७,५२,९२४.८९ | ३१,१७,९१,८४७.९४ | | |
| | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | ८३,०४,१४५.१८ | ६३,१५,२५९.६२ | ० | ६३,१५,२५९.६२ | ३१,६९,११३ | ० | ३१,६९,११३ | |
| | | | धरौटी | | ० | २५,३८,१९४.३१ | ० | २५,३८,१९४.३१ | ६,९८,४९२ | ० | ६,९८,४९२ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -७४,७४८.०४ | | -७४,७४८.०४ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (७,५३,७८,७७२.७३) | (२,४१,९७,२८७.०८) | | (२,४१,९७,२८७.०८) | ४,८८,८९,४६८.१० | (३६,०८,८५२.१९) | ४,५२,८०,६१५.९१ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३१,३७,५४४.४५ | | ३१,३७,५४४.४५ | १६,९८,३५३.३१ | | १६,९८,३५३.३१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (७,५३,७८,७७२.७३) | (२,१०,५९,७४२.६३) | | (२,१०,५९,७४२.६३) | ५,०५,८७,८२१.४१ | (३६,०८,८५२.१९) | ४,६९,७८,९६९.२२ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | (२,१६,९८,४९२.६३) | | (२,१६,९८,४९२.६३) | ६,५२,९३,५७०.०१ | | ६,५२,९३,५७०.०१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>सञ्चित कोष अवस्था
<table>
<tr><td colspan="3">पालिकाको यो वर्षको सञ्चित कोषको अवस्था देहाय बमोजिम रहेको छः</td></tr>
<tr><td></td><td>यस वर्ष रु.</td><td>गतवर्ष रु.</td></tr>
<tr><td>१</td><td>२</td><td>३</td></tr>
<tr><td>प्राप्ती</td><td>४७,०६,२२,३८१.८९</td><td>३६,९९,९८,०२२.५३</td></tr>
<tr><td>भुक्तानी</td><td>४१,३०,५१,६२५.६६</td><td>३०,७९,२४,२४२.९४</td></tr>
<tr><td>यो वर्षको बचत (न्युन)</td><td>५,७५,७०,७५६.२३</td><td>६,२०,७३,७७९.५९</td></tr>
<tr><td>गत वर्षबाट जिम्मेवारी सरेको</td><td></td><td></td></tr>
<tr><td>यो वर्षान्तसम्मको बचत (न्युन)</td><td>५,७५,७०,७५६.२३</td><td>६,२०,७३,७७९.५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तिय विवरण :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • SuTRA को बित्तिय प्रतिवेदनमा एकिकृत स्वास्थ्य पूर्वाधारको रु २२७५६७३४ र सामाजिक सुरक्षा कार्यक्रमको निकाशा खर्च रु ६३४३३६९३ समावेश भएको छैन । • स्थानिय तह विविध कोष खाताले रु ५८४१५।५८ ले ऋणात्मक मौज्दात देखाएको छ ।•यस बर्षको प्राप्ति तथा भुक्तानी हिसाबले बैक तथा नगद बाँकी रु २१६९८४९२।६३ ले ऋणात्मक मौज्दात देखाएको छ ।त्यसैले पेश भएको बित्तिय प्रतिवेदनले यथार्थ अवस्थाको चित्रण गर्दैन । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको :<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८१९२७६९७।७३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.८३६६१४०१।२४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १७३३७०३।५१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु</td><td>१,७३३,७०३.५१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बैंक हिसाव मिलान नगरेको :**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार बैंकमा घटि मौज्दात देखिएकाले हिसाब मिलान विवरण तयार गरी असुल फर्छ्यौट गनुपर्ने रु.<br><br>सि.नं. \| खाता \| खाताअनुसार बाँकि \| बैक अनुसार बाँकि \| फरक<br>१ \| संचित कोष खाता \| ८१५८०९०.९७ \| ६८५४७४५.३४ \| १३०३३४५.६३<br>२ \| चालु खर्च खाता \| ३२८२२०२१.६६ \| ३३०११९५३.४८ \| -१८९९३१.८२<br>३ \| पूँजीगत खर्च खाता \| १७१०५४३८.१७ \| १५९३९७१९.१७ \| ११६५७१९<br>४ \| प्रकोप व्यवस्थापन कोष \| १०४११६५.१८ \| २०४११६५.४१ \| -१००००००.२३<br>५ \| विविध कोष खाता \| ० \| २१०००० \| -२१००००<br>जम्मा \| \| ५९१२६७१५.९८ \| ५८०५७५८३.४ \| १०६९१३२.५८ | १,०६९,१३२.५८ |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमालागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ÷टि°डि°एस° गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• निजामति शिक्षक र स्वास्थ्य तर्फका कार्यरत सबै कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी र हाजिरी प्रमाणित बेगर तलव खर्च लेखेकोले तलब र ग्रेड रकमको यथार्थतता यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **कर दाखिलाः**<br>आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गरी दफ ९० बमोजिम तोकिएको समयमा राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ ।कर कट्टी रकम बर्षको अन्त्यमा रु. ७४ हजार ७४८।०४ देखीएकोमा दाखिला नगरेकोले दाखिला हुनु पर्ने रु | ७४,७४८.०४ |
| १० | | | **बजेट पेश,पारित र अख्तियारी :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा सदस्य श्री गुरु राज राईले मिति २०७८। ०३ ।१४ गते रु ४३ करोड ९८ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१४ मा पारित भएको छ । | |
| ११ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कानून र संचालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ४ वटा नियमावली, र ३० कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले उक्त कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| १४ | | | **सेवा प्रवाहको स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>विवरण — जम्मा<br>स्वीकृत घरनक्सा दर्ता पास — ०<br>पञ्जिकरणतर्फ — ०<br>जन्मदर्ता — ९९५<br>मृत्युदर्ता — १७३<br>बसाईसराई दर्ता — १३५<br>विवाह दर्ता — २३२<br>सम्बन्धविच्छेद दर्ता — ९<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धी नियमावली २०७७ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च रु. हजारमा</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१४८४१९।३०</td><td>९१११।२२</td><td>३८७३३।२०</td><td>१००५७४।८८</td><td>६९७१३।५५</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>६।१४</td><td>२६।१०</td><td>६७।७६</td><td>४६।९७</td></tr>
</table>

उक्त विवरणअनुसार पूजीगत खर्च शिर्षकमा बार्षिक रु १४ करोड ८४ लाख १९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ९१ लाख ११ हजार अर्थात ६।१४ प्रतिशत, दोश्रो चौमासिकमा रु ३ करोड ८७ लाख ३३ हजार अर्थात २६।१० प्रतिशत र तेश्रो चौमासिकमा रु१० करोड ५ लाख ७५ हजार अर्थात ६७।७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ६ करोड ९७ लाख १४ हजार अर्थात ४६।९७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च :<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३१६०७०००</td><td>१८२९८८५६।३५</td><td>४।४४</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२११५९९५००</td><td>१८५९२५६९४</td><td>४५।०१</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>११६८६२५११।९९</td><td>१०५७६८३७९।८२</td><td>२५।६१</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५७४६८९५९</td><td>४७८९२४८४</td><td>११।५९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६४०७६०००</td><td>५५१६६२११।४९</td><td>१३।३५</td></tr>
<tr><td>जम्मा</td><td>४८१६१३९७०।९९</td><td>४१३०५१६२५।६६</td><td>१००</td></tr>
</table><br>उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४५।०१ र सबैभन्दा कम आर्थिक विकासमा ४।४४ प्रतिशत रहेको छ । अतः पालिकाले एकीकृत, समानुपातिक बजेट विनिययोजन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>खर्च विश्लेषण :<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३७९६६१९।६७ राजस्व बाँडफाँट र अनुदानबाट समेत रु ६०६९१९५३ आम्दानी भएकोमा चालुतर्फ रु २६४६३२३२७।९५ र पुँजीगत तर्फ रु.१४८४१९२९७।७१ समेत रु.४१३०५१६२५।६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।९२प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु ६९१५०९९।३३ खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६४।०६ प्रतिशत चालु र ३६ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष वडागत र समपुरक र बित्तिय समानिकरणबाट पालीकास्तरीय सडकको स्तरोन्नतिका समेत उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरूको विवरण प्राप्त भएन । | |
| १९ | | | **प्रगति विवरण नभएको :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालित योजनाहरू समेत विभिन्न योजना सञ्चालन गरेको देखियो। पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालीत योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| २० | | | **अधुरा आयोजना :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगती समिक्षा गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको योजनाको प्रगति पेश भएको छैन । यस प्रकारको दायित्व बिगत वर्षहरूको समेत सार्दै आएको छ। यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **अनुदान फिर्ता :**<br>अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक र सशर्त अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको रु. ३,४८,३८,४४४।५१ अनुदान खर्च नभई बाँकी रहेकोमा २०७९।६।५ मा संघीय सशर्त अनुदान रु. २,५७,१३,९३५।७० र प्रदेश श्रोतको अनुदान रु. २७,४७,१७८ समेत रु.२,८४,६१,११३।७० फिर्ता गरेको र बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | ६,३७७,३३०.८१ |

| विवरण | संघीय श्रोत | प्रदेश श्रोत |
|---|---|---|
| सशर्त अनुदान चालु | २३३३२६१७।१५ | २५००० |
| सशर्त अनुदान पूँजीगत | ८२८४६४८।३६ | ३०४२८६० |
| समपुरक अनुदान चालु | ० | १३४५१२ |
| जम्मा | ३१६३६०७२।५१ | ३२०२३७२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>पूँजिगत बजेटबाट चालु प्रकृतिको खर्च :<br>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, विद्यालय लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ९१८१५२८ भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भैपरी आउने</td><td>१५०००००</td></tr>
<tr><td>२</td><td>मर्मत सम्भार</td><td>१०४८७७९</td></tr>
<tr><td>३</td><td>सेवा र परामर्श खर्च</td><td>१९१४०००</td></tr>
<tr><td>४</td><td>सम्पुर्ण डि पी आर</td><td>४००००००</td></tr>
<tr><td>५</td><td>ज्येष्ठ नागरिक सम्मान</td><td>४३९९९९</td></tr>
<tr><td>६</td><td>डिजिटल प्रोफाईल</td><td>२७८७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९१८१५२८</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>समानिकरण अनुदानवाट खर्चः<br>अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन वमोजीम राजस्व वाडफाँडवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सो ऐनको दफा २८ वमोजिम प्रयोजन तोकि प्राप्त अनुदान सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । वित्तिय समानिकरणवाट अनुदानको रकमलाई कार्यक्रम व्यवस्थापन, पारिश्रमिक जस्तो प्रशासनिक खर्च गर्न नमिल्नेमा पालिकाले वित्तिय समानिकरणवाट पदाधिकारी पारिश्रमीक, प्रोत्साहन भत्ता ,शैक्षिक ,धार्मिक तथा सांस्कृतिक साह्यता समेतमा खर्च लेखेको छ । यस बर्ष आन्तरीक आय रु. ३७९६६१९।६७ राजश्व वाडफाँडवाट रु. ५८८५५८८१।४९ समेत जम्मा रु. ६२६५२५०१।१६ प्राप्त भएकोमा चालु खर्च वापत रु. १०३१३४६६४।१० खर्च गरेको छ । राजश्व वाडफाँडवाट प्राप्त उक्त रकम बाहेक वित्तिय समानिकरणवाट अनुदानको रकमलाई प्रशासनिक शिर्षकमा खर्च लेखेको रु. ४०४८२१६२।९४ नियमसम्मत देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>अनुदानको अनुगमन :<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले सालवसाली दिइने अनुदानको स्पष्ट अभिलेख र निरन्तर अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था नदेखिएकोले अनुदानको प्रभावकारिता मूल्यांकन गर्न सकिएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा गराएको देखिएन ।आन्तरिक लेखापरीक्षण सम्बन्धमा तलव खर्च लेख्ने तर कार्य नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाई ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको बिबरण अनुसार देहाय बमोजिम रहेको छ
<table>
<tr><th>क्र सं</th><th>शाखा</th><th>जम्मा</th><th>कार्यरत</th><th>रिक्त</th></tr>
<tr><td>१</td><td>गाँउपालिका तर्फ</td><td>२०</td><td>१३</td><td>७</td></tr>
<tr><td>२</td><td>वडा कार्यालय तर्फ</td><td>१४</td><td>८</td><td>६</td></tr>
<tr><td>३</td><td>स्वास्थ्य संस्था तर्फ</td><td>४२</td><td>३३</td><td>९</td></tr>
<tr><td>४</td><td>कृषि शाखा तर्फ</td><td>५</td><td>१</td><td>४</td></tr>
<tr><td>५</td><td>पशु शाखा तर्फ</td><td>६</td><td>१</td><td>५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८७</td><td>५६</td><td>३१</td></tr>
</table>
दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **फिल्ड भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष गाँउ कार्यपालिकको निर्णय अनुसार देहायका कर्मचारीलाई रु ८३६००० समेत जम्मा रु ९१६००० फिल्ड भत्ता दिएको रु | ९१६,००० |

| सि नं | पद नाम | अवधि | मासिक दर | जम्मा |
|---|---|---|---|---|
| १ | इन्जिनियर श्री गुन्जन कार्की | १२ महिना | १५००० | १८०००० |
| २ | सव इन्जिनियर उत्सव राई | १२ महिना | १२००० | १४४००० |
| ३ | अ .स. ई. श्री प्रकाश राई | ७ महिना | ८००० | ५६००० |
| ४ | खापासटे श्री गजेन्द्र राई | ७ महिना | ८००० | ५६००० |
| ५ | अ .स. ई. श्री लिजा श्रेष्ट | १२ महिना | ८००० | ९६००० |
| ६ | अ .स. ई. श्री नमिता राई | १२ महिना | ८००० | ९६००० |
| ७ | अ .स. ई. श्री प्रकाश राना | ७ महिना | ८००० | ५६००० |
| ८ | अ .स. ई.श्री विर ब राई | ७ महिना | ८००० | ५६००० |
| ९ | अ .स. ई.श्री मनि सुनुवार | १२ महिना | ८००० | ९६००० |
| १० | अन्य | | | ८०००० |
| | | | जम्मा | ९१६००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारीको सुविधा<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु ६९१५०९९ पारिश्रमिक सुविधा र भत्ता वापत भुक्तानी भएको छ ।यस बर्ष नव निर्वाचित ३७ पदाधिकारीलाई जेठ ६,२०७९ देखी पारिश्रमिक सुविधा र भत्ता वापत खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कर्मचारी करारः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३० कर्मचारीहरू करारमा राखी रु.८७३५४८७ खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>यातायात खर्चः<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सविधा सम्बन्धी ऐन, २०७५ पहिलो सशोधन को दफा ७ (३ ) मा सवारी साधन प्राप्त गर्ने सदस्यलाई यातायात सुविधा नपाउने उल्लेख छ । देहायका पदाधिकारीहरुले मोटरसाईकल प्रयोग गरेको भएतापनि यातायात खर्च भूक्तानी लिएकोले सम्बन्धितबाट अशुल हुनु पर्ने रु.
<table>
<tr><th>पद</th><th>नाम</th><th>अवधी</th><th>मासिक</th><th>रकम</th></tr>
<tr><td>अध्यक्ष</td><td>श्री कृष्ण कुमार राई</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>१००००</td><td>१०००००</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>श्री हिरा कुमारी वन गिरी</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>१००००</td><td>१०००००</td></tr>
<tr><td>वडा नं १ वडा अध्यक्ष</td><td>श्री बिर ब तामाङ</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>वडा नं २ वडा अध्यक्ष</td><td>श्री बलिराज राई</td><td>२०७८ श्रामण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>वडा नं ३ वडा अध्यक्ष</td><td>श्री खगेन्द्र बहादुर गुरुङ</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>वडा नं ४ वडा अध्यक्ष</td><td>श्री गणेश कुमार अधिकारी</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>वडा नं ५ वडा अध्यक्ष</td><td>श्री खगेन्द्र राई</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>वडा नं ६ वडा अध्यक्ष</td><td>श्री अशोक कुमार राई</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>५५६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं ७ वडा अध्यक्ष</td><td>श्री तेज कुमार राई</td><td>२०७८ श्रावण देखि चैत्र सम्म</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>श्री गुरुराज राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>१००००</td><td>२००००</td></tr>
<tr><td>वडा नं १ वडा अध्यक्ष</td><td>श्री निर कुमार राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं २ वडा अध्यक्ष</td><td>श्री मिलन कुमार राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं ३ वडा अध्यक्ष</td><td>श्री तुलाराम राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं ४ वडा अध्यक्ष</td><td>श्री खड्ग बहादुर तामाङ</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं ५ वडा अध्यक्ष</td><td>श्री हिमाल भक्त राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं ६ वडा अध्यक्ष</td><td>श्री गोपाल राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>वडा नं ७ वडा अध्यक्ष</td><td>तेज बहादुर राई</td><td>२०७९ जेष्ठ र आषाढ</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>५५६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>स्वकिय सचिवः<br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका अध्यक्षले स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिव तथा प्रमुख सहयोगीका रुपमा श्री देवान राईलाई नियुक्त गरी मासिक रु २८६१०।०० का दरले १० महिनाको रु २८६१००।०० चाड पर्व खर्च २८६१०।०० पोशाक वापत रु.१०,००० गरी जम्मा रु.३२४७१० भुक्तानी भएको छ । उक्त पद दरवन्दी नै नरहेको अवस्थामा कर्मचारी नियुक्ति गरेको नियमसंगत नदेखिएको रू.</td><td>३२४,७१०</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>दोहोरो सुविधाः<br>गाउँ तथा नगर सभाका सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ को अनुसूची-१(क) सि.नं. २ मा अध्यक्ष तथा उपाध्यक्षलाई मासिक ३००० का दरले टेलिफोन मोबाइल खर्च उपलब्ध गराउने व्यवस्था छ । सोहि बमोजिमको सुविधा मासिक उपलब्ध गराएतापनि देहायका पदाधिकारीले बिभिन्न भौ नं र मितिबाट कानून बिपरीत नपाउने संचार सुविधा लिएकोले सम्बन्धितबाट अशुल हुनु पर्ने रु.
<table>
<tr><th>भौ नं र मिति</th><th>पद</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>३२,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६२।०७८।७।१६ | गाँउपालिका अध्यक्ष | श्री कृष्ण कुमार राई | २००० | | |
| | | | | | प्रमुख प्रशासकिय अधिकृत | श्री छविलाल राई | ४००० | | |
| | | | | | इन्जिनियर | श्री गुन्जन कार्की | २००० | | |
| | | | | | ले .पा . | श्री राज कुमार खात्री | ३००० | | |
| | | | | | खरिदार | श्री संजय राई | २००० | | |
| | | | | | स. पाचौ | श्री अदित राई | २००० | | |
| | | | | | स .पाचौ | श्री सौ धन बहादुर राई | २००० | | |
| | | | | | शि. अधिकृत | श्री सुरेन्द्र खनाल | १५०० | | |
| | | | | १०३।०७८।८।१९ | गाँउपालिका अध्यक्ष | श्री कृष्ण कुमार राई | ४००० | | |
| | | | | | प्रमुख प्रशासकिय अधिकृत | श्री छविलाल राई | २००० | | |
| | | | | | सु .प्र .अधिकृत | श्री संगम खतिवडा | २००० | | |
| | | | | | खरिदार | श्री संजय राई | १००० | | |
| | | | | १८५।०७८।९।२५ | गाँउपालिका अध्यक्ष | श्री कृष्ण कुमार राई | ३००० | | |
| | | | | | कृषि शाखा प्रमुख | श्री साइमन गुरुङ | २००० | | |
| | | | | | | जम्मा | ३२५०० | | |
| ३३ | | | **आर्थिक साहयताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष सामाजिक साहयता रु ७८१५०० र सामाजिक सुरक्षण रु ५००००।०० वितरण गरेका छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **बिबिध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आय व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च रु २५३७९३० खर्च भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । साथै पालिकाले कुनै उपस्थिति तथा आधार प्रमाण बेगर देहाय बमोजिम खाना तथा विविधतर्फ मात्र देहाय बमोजिम रु ५७७६२५।०० खर्च गरेको छ । | |

| भौ नं र मिति | नाम | विल संख्या | रकम |
|---|---|---|---|
| ३७।२०७८।६।२० | मुनलाईट होटल एण्ड लज | ७ वटा | ९०४०० |
| ११२।२०७८।६।२० | होटेल सुजन एण्ड लज | २ वटा | ३७३५० |
| १३६।२०७८।८।२३ | मुनलाईट होटल एण्ड लज | ६ वटा | ४६३५० |
| २५०।२०७८।११।३ | मुनलाईट होटल एण्ड लज | ४ वटा | ९९०९५ |
| ३११।२०७८।१२।१ | मुनलाईट होटल एण्ड लज | २ वटा | ३९६०० |
| ३५३।२०७९।१।१६ | मुनलाईट होटल एण्ड लज | ५ वटा | ८००३० |
| ४५४।२०७९।३।१९ | मुनलाईट होटल एण्ड लज | ४ वटा | ७६४१० |
| ४८२।२०७९।३।२५ | मुनलाईट होटल एण्ड लज | २ वटा | २०६०० |
| ४९२।२०७९।३।२५ | मुनलाईट होटल एण्ड लज | ६ वटा | ८७७९० |
| | | जम्मा | ५७७६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष ८ विवाद दर्ता भएकोमा ७ वटा फछ्र्यौट भई १ बाँकी भएको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>स्थानीय भत्ताः<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । पालिकाले दैनिक भत्ताका लागि विनियोजन गरेको वजेटको अलावा विभिन्न बजेट शीर्षकको कन्टिन्जेन्सीबाट समेत दैनिक भत्तामा खर्च लेखि कर्मचारीहरुलाई भुक्तानी गर्दा दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले छानविन गरी स्थानीय भत्ता असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बैठक भत्ताः<br>कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । खरिद मूल्यांकन समितिको बैठक भत्ता भनि देहायको भौ नं र मिति बाट पालिकाका बिभिन्न कर्मचारीहरुलाई भूक्तानी दिएको नियम सम्मत देखिएन ।
<table>
<tr><th>भौ नं र मिति</th><th>संख्या</th><th>भूक्तानी रकम</th><th>कर</th><th>खुद भूक्तानी</th></tr>
<tr><td>४७८।२०७९।३।२४</td><td>१०</td><td>२१००००</td><td>३१५००</td><td>१७८५००</td></tr>
<tr><td>५०१।२०७९।३।२४</td><td>११</td><td>८४०००</td><td>१२६००</td><td>७१४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कोभिड १९ रोकथाम तथा नियन्त्रण :<br>पालिकाले यस वर्ष कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि ३११ जनालाई रु ३१,१०,०००।०० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>धरौटीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म ले प फा नं ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म ले प फा नं ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन । नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **शिक्षक कर्मचारीको तलव भत्ताः**<br>शसर्त अनुदानको रुपमा उपलव्ध गराएको रकमबाट तलब भत्ता बाहेक सञ्चित विदा उपचार लगायत अन्य शिर्षकमा खर्च गर्न नपाईने व्यवस्था छ ।विद्यालयहरुले सालबसालि पाउदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवभत्ता यस बर्ष विद्यालयको खातामा रु८९२९९३१०।८९ उपलव्ध गराएको छ ।उक्त रकम गत बर्ष रु ७६९२३३८३ रहेकोले १६।०८ प्रतिशतले बढेको छ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको दरवन्दी र तलबमान यथावत रहेको अवस्थामा ग्रेड बृद्धि बाहेक उक्त निकासा र खर्चलाई नियमित र स्वभाविक रहेको सुनिश्चत गर्ने आधार प्रस्तुत भएन ।यसर्थ पालिकाले विद्यालयगत लेखापरीक्षण प्रतिवेदन, मौजुदा दरबन्दिमा कार्यरत शिक्षक तथा कर्मचारीको ग्रेड, हाजीरी लगायतका आधारमा खर्च रकम यकिन गरी प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्दछ । | |
| ४१ | | | **ब्याडमिन्टन कभर्ड हल निर्माणः**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) रित पुगेको बिल भरपाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस बर्ष ब्याडमिन्टन कभर्ड हल निर्माण गर्न भौ न ४६।८।२२ बाट रुपाकोट निर्माण सेवालाई रु ७०१४९१ र उपभोक्ता समितिलाई भौ न ५०५।३।२५ बाट रु १४४८७१० भुक्तानी गरेको छ ।उक्त कभर्ड हलको जग्गाको स्वामित्व पेश नभएको रु. | २,१५०,२०१ |
| ४२ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, पालिकाबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| ४३ | | | **अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **हतेवा खोला कुलो सिँचाइ जल उपभोक्ता संस्था**<br>हतेवा खोला कुलो सिंचाई जल उपभोक्ता संस्थाः वडा नं. २ टोल मामातिममा १२४८ मि. सिचाई कुलो निर्माण गरि २३ रोपनी क्षेत्रफल सिंचित हुने लक्ष्य रहेको छ । उक्त कुलोको स्वीकृत लागत अनुमान रु.२२,७८,६६४। रहेको छ । कुलो निर्माण गर्न उपभोक्ता समितिसंग २०७८।९।१६ मा सम्झौता भएकोमा २०७९।३।१९ मा १५३ मि. कुलो बनाई योजना फरफारक गरेको देखियो । योजनाको रु.८,५७,९१९ को कार्य भई उपभोक्ता समितिलाई भुक्तानी गरेतापनि योजना अधूरो रहेकोले सिंचाई सुविधाबाट जनता बञ्चित भएको र निर्मित संचरना उपभोगविहिन भएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ४५ | | | **हेभी इक्विप्मेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |

| क्र.सं. | योजना | जनश्रमदान समेत कार्य | निर्माण व्यवसायी | निर्माण व्यवसायीलाई भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | वर्खे लामीडाँडा थोद्रे सडक | ३८,७८,३७२।२८ | नाछिरिङ्ग कन्स्ट्रक्शनप्रा.लि. | ३३,३७,६२४।– |
| २. | वहाने पोखरी सडक | १६,८१,४४१।९५ | केपिलासगढी निर्माण सेवा प्रा.लि. | १४,२८,७७२।– |
| ३. | सप्ल ओरम्दु सिस्ने सडक निर्माण | १९,२०,२७३।४९ | बखालु गोल्छा कन्स्ट्रक्शन प्रा.लि. | १०,१२,५९३।– |
| ४ | | | नाछिरिङ्ग कन्स्ट्रक्शनप्रा.लि. | २,४३,५५४।– |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विद्युतिय सामाग्री आपूर्ति :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा सम्झौतानुसार कार्यान्वयन गराउने व्यवस्था छ । पालिकाको १–७ वडाका विभिन्न स्थानमा अति विपन्न नागरिकको घरमा विद्युत पु–याउने उद्देश्यले ३ महिनामा पी.भी.सी. वायर, एम.सी.वी. लिड वल्व लगायतका सामग्री आपूर्ति गर्न रुपाकोट निर्माण सेवा प्रा.लि. संग रु.१८,५१,९०६। को खरिद सम्झौता २०७८।८।२९ मा भएकोमा निर्माण व्यवसायीलाई रु.१४,९२,५०४। भुक्तानी भएको छ । आपूर्ति भएका सामग्रीको गुणस्तर परीक्षण जडान र सम्झौताको म्याद थप पनि नभएको देखिएकाले नागरिक विद्युतीय सेवाबाट बञ्चित हुन पुगेको देखियो । | |
| ४७ | | | **सम्झौता नगरेको :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(३) बमोजिम बोलपत्र स्वीकृत गरि १५ दिनभित्र छनौट भएको बोलपत्रदातालाई सम्झौता गर्न कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्ने व्यवस्था छ । सोलार स्ट्रीट लाइट सेट आपूर्ति र जडान गर्न दरभाउपत्र माग गरेकोमा सूर्य रोशनी कन्स्ट्रक्शन इण्डष्ट्रियल छनौट भएको देखिएकोमा सम्झौता गरेको देखिएन । एक सेट स्ट्रीट लाइटको लागत अनुमान रु.९०,००४।५० देखिएकोमा बोलपत्रदाताले रु.८४,६९३।५० कबोल गरी प्राइम कमर्सियल बैङ्कको रु.७,६२,२४१।५० को ७ डिसेम्बर २०२२ सम्म म्याद रहेको कार्य सम्पादन जमानत पेश गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) मा तोकिएको अवधिभित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्न नआएमा बोलपत्रको जमानत रकम जफत गरी सोभन्दा लगतै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरेको नदेखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ । | ७६२,२४१.५ |
| ४८ | | | **शहिद मार्ग निर्माण :**<br>शहिद मार्ग निर्माणः २० कि.मि. लम्वाई भएको कन्सेप्ट आर्किटेक्ट एक डिजाइनर प्रा.लि. ले DPR तयार गरेको उक्त मार्गको लागत अनुमान रु.२,०८,३५,८८,२२१।२३ रहेको छ । उक्त मार्गको DPR निर्माणमा रु.१९,१४,०००। खर्च भएको छ । यस वर्ष पालिकाले १५३० मिटर ट्रयाक खोल्न रु.१० लाख विनियोजन गरी उपभोक्ता समितिलाई कार्यादेश दिएकोमा जनश्रमदान समेत रु.११,२०,५८२। को कार्य भएको छ । बजेट विनियोजन गरेको रकम अनुसार सडक निर्माण गर्न २०८३ वर्ष लाग्ने देखिन्छ । आइ.ई.ई. र सडक उपयोग गर्ने जनसंख्या, लागत लाभ लगायतका विषयमा अध्ययन गरी कार्य प्रारम्भ गर्नुपर्नेमा सो नगरी कार्य गरेकोले स्रोत साधनको अपव्यय हुने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>कार्य सम्पादन जमानत :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । देहायको योजनाको म्याद थप भई नयाँ म्याद कायम भएकोमा सम्बन्धित ठेककाको कार्य सम्पादन जमानतको म्याद समेत सोही बमोजिम थप गरी म्याद थपको कारवाही गर्नुपर्नेमा गरेको नदेखिएकोले मान्य अवधि थप हुनुपर्ने देखियो । यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>ठेक्काको नाम</th><th>कार्य सम्पादन जमानत रकम</th><th>बैङ्क</th><th>जमानतको हाल कायम मिति</th><th>जमानतको म्याद थप हुनुपर्ने मिति</th></tr>
<tr><td>१</td><td>च्यार्खे कंखे वाक्सीला खानेपानी</td><td>१३,०२,२७६।</td><td>एन.वी. बैङ्क</td><td>२०७९।५।२८</td><td>२०८०।५।२७</td></tr>
<tr><td>२</td><td>च्यार्खे कंखे वाक्सीला खानेपानी</td><td>९,६२,५२४।</td><td>ग्लोबल आइएमई बैङ्क</td><td>२०८०।१।१२</td><td>२०८०।६।२५</td></tr>
<tr><td>३</td><td>वाक्सीला सप्तेश्वर कादेल जालपा रोड</td><td>३३,११,९५०।</td><td>ग्लोबल आइएमई बैङ्क</td><td>२०८०।३।१०</td><td>२०८०।६।१०</td></tr>
<tr><td>४</td><td>सिप्तेली वबु सडक</td><td>८,२०,१२४।</td><td>ग्लोबल आइएमई बैङ्क</td><td>२०८०।३।१०</td><td>२०८०।६।१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम :<br>सुरक्षित आवास कार्यक्रम निर्माण गर्न २१३ लाभग्राहीसंग सम्झौता भई पहिलो किस्ता (६० प्रतिशत) रु.३०,०००।– पेश्की उपलव्ध गराएकोमा १४४ लाभग्राहीलाई दोस्रो किस्ता (४० प्रतिशत) रु.२०,०००।– का दरले भुक्तानी भई रु.३० लाख ७९ हजार खर्च भएको छ । ६९ लाभग्राहीले दोस्रो किस्ता लगेको देखिएन । उक्त कार्यक्रम वापत निकासा भई खर्च हुन नसकेको रकम संघीय संचित कोषमा फिर्ता गरेको नदेखिएकोले फिर्ता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>गुणस्तर परीक्षण :<br>पालिकाले गरेका खरिद सम्झौतामा तोकिए बमोजिम गुणस्तर परीक्षण गराउने व्यवस्था छ । खानेपानीको RV Tank, १५ बेडको अस्पतालको RCC Work , Structural कार्य , Concrete Cube को Compressive Strength Test र Tensile Test गरेको देखिएन ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **डोजर,लोडर,एक्साभेटर मर्मत :**<br>पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धन लगायतमा यो साल रु १९४८९२४ खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |
| ५३ | | | **डि.पि.आर. :**<br>सार्वजनिक खरिद ऐन २०७३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागि लागत अनुमान तयार गर्ने आधारहरु. तोकिएका छन।पालिकाले देहायका DPR को लागि रु. ७६८४२४० भुक्तानी गरेको छ।अधिकाँश DPR को लागत अनुमान तयार नगरेको, परामर्शदाता फिल्डमा खटेको प्रमाण पेश नगरेको, योजना कार्यान्वयन योग्य नदेखिएको, सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७२ बमोजिम बिस लाख भन्दा कम रकमको परामर्श सेवा लिदा कम्ति ३ र बढिमा ६ परामर्शदाताबाट लिखितरुपमा आर्थिक र प्राविधिक प्रस्ताव लिनुपर्नेमा प्रतिस्पर्धा सिमित हुने गरेको र ड्राफ्ट रिपोर्टमा पालिकाले सुझाव दिई अन्तिम प्रतिवेदन तयार गर्ने नगरेको अवस्था रहेकाले परामर्श सेवामा गरेको खर्चको यथार्थता यकिन हुन सकेन। परामर्श सेवाको लागि लागत अनुमान तयार गरेर मात्र प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्दछ। | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| सप्तेशवर/मालदेल साना सिँचाई परियोजना | वृक कन्सल्ट प्रा.लि. | ८६७८४० |
| दिप्सुङ खानेपानी आयोजना | खैरा इन्जिन्यरीङ कन्सल्टेन्सी | ३६३७९५ |
| छ्यामसुने याक्सा पिपिङ धोध्रे सडक | न्यु-डाईमेन्सन इन्जिन्यरीङ प्रा.लि. | १९२१००० |
| सुम्दे कुना खर्क रोड | मारु.ती डिजाईनर्स प्रा.लि. | २७६५६७ |
| दामालुङ सुम्दे पिपिङ सडक (IEE) | मझेरी इन्जिन्यरीङ कन्सल्टेन्सी प्रा.लि. | ३७२९०० |
| अपिस व्याडमिन्टन कवर्डहल | सेयर इन्जिनियरीङ प्रा.लि. | ३५०५८२ |
| सहिद रोड डीपीआर | कन्सेप्ट आर्किटेक्ट डिजाईनर्स प्रा.लि. | १९१४००० |
| बाक्सिला खत्रीगाउँ दाम्खु विरु. डाँडा सुङ्देल हुदै साल्पा सडकको डिपीआर | थ्राईभ इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि. | १६१७५५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **सार्वजनिक परीक्षण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५५ | | | **पाइप आपूर्ति :**<br>चार्खे कंखे वाक्सिला खानेपानी आयोजना निर्माण गर्न निर्माण व्यवसायी रुजन नानछिरिङ्ग जे.भी.संग २०७८।३।१४ मा रु.७८,५२,३१२।९९ को खरिद सम्झौता भएकोमा २०७८।१२।१७ को कार्यपालिका बैठकबाट २०.५२ प्रतिशतको भेरिएसनबाट ४५० RM 3" dia भएको GI Pipe BOQ Item मा थप गरी निर्माण व्यवसायीलाई भौ.नं. ४७ मिति २०७९।२।१२ बाट रु.१६,११,७७०।७५ भुक्तानी गरेको छ । यसरी भुक्तानी दिँदा नियम ११५ बमोजिम प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गराएको देखिएन । उक्त परिमाणको पाइप निर्माण व्यवसायीले जडान गरेको सुनिश्चित गर्ने आधार समेत पेश नभएको रु. | १,६११,७७०.७५ |
| ५६ | | | **कर समायोजन :**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) रित पुगेको बिल भरपाई भुक्तानी दिनुपर्ने व्यवस्था छ।.नं. २९२।१२।२ बाट फर्निचर खरिद वापत रु.२२,०८,७१०।– सक्षम निर्माण सेवालाई भुक्तानी गरेकोमा सोको सक्कल बिजक पेश नभएकोले कर समायोजन पेश हुनुपर्ने रु. | २५४,०९९ |
| ५७ | | | **बोयाटार रियाङ झोलुङ्गे पुल :**<br>बोयाटार रियाङ झोलुङ्गे पुलः कुल लागत अनुमान रु.७१९५७३२.७७ भएको बोयाटार रियाङ झोलुङ्गे पुल आयोजनाको लागि उपभोक्ता समितिलाई रु. २०००० पेश्की भुक्तानी भएको छ। आयोजनाको प्राविधिक तथा सुपरभिजन कार्यको लागि हिमाली क्लबसँग भएको सम्झौता अनुसार आयोजनाको DPR तथा लागत अनुमान तयार भएपछि प्रथम ३० प्रतिशत रकम भुक्तानी रु. १२६१५८।०४ भएकोमा आयोजनाको DPR रिपोर्ट लागत अनुमानको विवरण तथा उपभोक्ता समितिसँगको सम्झौता समेतको विवरण पेश नभएकोले उक्त विवरण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १२६,१५८.०४ |
| ५८ | | | **कार्य सम्पन्न प्रतिवेदन :**<br>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ५९ | | | **फिर्ता गर्नुपर्ने रकमबाट सडक निर्माण :**<br>संघीय र प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटबाट तोकिएको योजना सञ्चालन गरी बचत रकम फिर्ता गर्नुपर्नेमा पालिकाले वर्षान्तमा RCC Pavement, Water Supply, Stone Soling लगायतमा कार्य विभिन्न स्थानमा गर्न एक प्याकेज ठेक्का बनाई रु.४५,९६,९३६।३३ को खरिद सम्झौता नानछिरिङ्ग कन्स्ट्रक्शन प्रा.लि. संग भई भौ.नं. ११ र १९ बाट मिति २०७९।३।२५ मा रु.३५,१८,०९५ र १०,७८,८३६ खर्च भएको छ ।कार्य स्थानको चेनेज पनि खुलेको देखिएन । स्वीकृत योजनामा विनियोजित रकम नया योजना थप गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कार्यसम्पादन वेगर रकम भुक्तानी :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारनामा शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेण्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादन वा सम्पन्न भएको कार्यको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । देहायका योजनामा निर्माण व्यवसायीलाई नापी कितावमा उल्लेखित कार्य सम्पादन बेगर रकम भुक्तानी गरेकोले प्रचलित कानून बमोजिम व्याज/हर्जाना समेत असुल गरी सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्ने देखिएको रु. | १४,७०४,३०८ |

| भौ.नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायी | प्रमुख कार्य | भुक्तानी रकम (अन्तिम बिल) | कैफियत |
|---|---|---|---|---|---|
| ९४–२०७९।३।२५ | वाक्सिला सप्तेश्वर कादेल जाल्पा रोड | नानछिरिङ्ग कन्स्ट्रक्शन प्रा।लि। | लुम्बु खोलाको कल्भर्ट जालि ग्याबियन टेवा पर्खाल ग्राभेल स्टोन सोलिङ | ६४,४४,९६८। | २०७९।१।६ मा रु.१,०६,१२,८९८। को सम्झौता भएकोमा प्रथम रनिङ्ग बिल रु.४१,६७,९३०। भुक्तानी भएको । |
| ९७–२०७९।३।२५ | च्यार्खे कंखे वाक्सिला खा.पा.यो. (II) | नानछिरिङ्ग कन्स्ट्रक्शन प्रा।लि। | ४० वटा धारा जोडने, एच डी पी पाईप १४,६७० मिटर खरिद गर्ने आदि । | ४२,२४,१९०। | २०७९।५।२५ मा सम्पन्न गर्नुपर्ने गरी २०७८।११।२३ मा रु.६४,७२,८८०। को सम्झौता भएको । |
| ५–२०७९।३।२५ | च्यार्खे कंखे वाक्सिला खा.पा.यो. (I) | रुजन नानछिरिङ्ग जे.भी. | | २२,४०,३६७। | २०७८।३।३ मा रु.७८,५२,३१२। को सम्झौता भई पेश्की रु.११,७७,८४६। र रनिग बिल रु.४४,३४,९४५। भुक्तानी भएको । |
| ९–२०७९।३।२५ | सिप्तेली वुवु सडक | नानछिरिङ्ग कन्स्ट्रक्शन प्रा।लि। | | १७,९४,७८३। | २०७९।१।६ मा सम्पन्न हुने गरी रु.२९,१८,१२०। को सम्झौता भएको । प्रथम बिल रु.११,२३,३३६। भुक्तानी भएको र सिंचाई कुलो विवादको कारण २०७९।५।३१ सम्म म्याद थप |
| जम्मा | | | | १,४७,०४,३०८। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **सडक निर्माण :**<br>निर्माण व्यवसायीसंग खरिद सम्झौता भई निर्माण कार्य भइरहेको सडकमा मर्मत कार्य दरभाउपत्र लिई गरेको देखियो । निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि समाप्त भएपछि मात्रै यस्तो कार्य गर्ने गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | योजना | रकम | निर्माण व्यवसायी |
|---|---|---|---|
| २४–२०७८।८।८ | वाकसीला – सप्तेश्वर – कादेल सडक | ४,८४,८१५।– | नछिरिङ्ग कन्स्ट्रक्शन |
| १३–२०७९।३।२५ | सिप्तेली वनु सडक | ७,६६,३५७।– | वुधिसरा कन्स्ट्रक्शन सप्लायर |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **१५ वेडको आधारभूत अस्पताल :**<br>१५ बेडको आधारभूत अस्पतालः पालिकामा १५ वेडको आधारभूत अस्पताल स्थापना गर्न २०७८।८।९ मा विवस इन्टरनेशनल कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. संग रु.१२,५०,५९,८९७।७० (मू.अ.कर सहित) को खरिद सम्झौता भएको छ । यस वर्ष २०७८।९।२८ र २०७८।११।३० मा गरी रु.२ करोड २१ लाख मोविलाइजेशन पेश्की निर्माण व्यवसायीलाई उपलव्ध गराएको छ । खरिद सम्झौता र कार्यतालिका अनुसार वैशाख ७, २०८० सम्म कार्य पूरा गर्नुपर्ने उल्लेख छ । कार्यतालिकामा RCC Work/Brick Work in Structure भाद्र २०७९ सम्म सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा Sub Structure को मात्रै कार्य गरेकोले निर्माण कार्य तेकिएको समयमा सम्पन्न हुन सक्ने स्थिति देखिएन । निर्माण व्यवसायीलाई भौ.नं. २ २०७८।११।३० बाट रु.१,१०,००,०००। को पेश्की उपलव्ध गराउँदा कार्य सम्पादन जमानत बेगर उपलव्ध गराएकोले सो रकमको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ । | |
| ६३ | | | **बार्षिक प्रतिवेदन :**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन२०७४ को दफा४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६४ | | | **विपद् व्यवस्थापन कार्य योजना :**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । विपद व्यवस्थापनमा रु ३३,४९,९६५।००खर्च भएको छ ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>बढि ग्रेड रकम भुक्तानी :<br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आ.व २०७८।७९मा पारित तलबी प्रतिवेदन अनुसार मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । देहायका कर्मचारीहरुको बढि ग्रेड भुक्तानी भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>नाम पद</th><th>भुक्तानी हुनुपर्ने ग्रेड</th><th>भुक्तानीभएको ग्रेड</th><th>बढिरकम</th><th>कैफियत</th></tr>
<tr><td>अहेवश्री विश्वविना राई</td><td>४७७०</td><td>५६५७</td><td>४८७८</td><td>श्रावणदेखि कात्तिक</td></tr>
<tr><td>अहेवश्री राम प्रसाद आचार्य</td><td>४७७०</td><td>५६५७</td><td>४८७८</td><td>श्रावणदेखि कात्तिक</td></tr>
<tr><td>अहेवश्री लक्ष्मी कार्की</td><td>५७२४</td><td>७४९८</td><td>२३२३४</td><td>श्रावणदेखि कात्तिक</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३२९९०</td><td></td></tr>
</table></td><td>३२,९९०</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>औषधी खरिद :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले रु १०३४३२७ को औषधि सोझै पटक पटक खरिद गरेको छ ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>अनुदानबाट शिक्षक तलब<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।कार्यक्रम कार्यान्वयन पुस्तिकाको कम्पोनेन्ट नं २।७।१३।४० अनुसार अंग्रेजी गणित र विज्ञान विषयमा बजेटको परिधि भित्र रही शुन्य दरबन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरबन्दी भएकालाई १ थप गरी न्यूनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि उपलब्ध गराउने व्यवस्था रहेकोमा सो को निकासा उपलव्ध गराएको छ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा विद्यालयले निजिश्रोतमा राखेको शिक्षकलाई संघ तथा प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड रकमबाट १२ विद्यालयका २३ निजि शिक्षकलाई रु ५००९०५३।६७ भत्ता निकासा गरेको पाईयो । विद्यार्थि शिक्षक अनुपात तथा शीक्षक दरबन्दी मिलान गरी यस प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **छात्रवृत्ति**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको सि नं ४.२ अनुसार पालिकाले विद्यालयहरुलाई १ देखि ८ कक्षा सम्मको विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेकोमा देहायको विद्यालयलाई भएको निकासा भन्दा कम विद्यार्थीको भरपाई भएको देखियो। यसबाट पालिकाले विद्यार्थि संख्या यकीन नगरी छात्रवृत्ति रकम निकासा गरेको देखिन्छ। बढी निकासा रु १४८००।०० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु. | २६,८०० |
| ६९ | | | **दिवा खाजा** | |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भरपाई | बढी निकासा |
|---|---|---|---|---|
| १ | जाल्पाआ.वि पिपलडाँडा | २९२०० | २२४०० | ६८०० |
| २ | सिँहदेवी प्रा वि लङखा | ९६०० | ६४०० | ३२०० |
| ३ | कालिका प्रा वि हानेडाँडा | ३२०० | २००० | १२०० |
| ४ | सातकन्या प्रा.वि पिपिङ | ६००० | ४८०० | १२०० |
| ५ | तोमाने आ वि | २९२०० | २४८०० | ४४०० |
| ६ | राष्ट्रिय मा वि वास्पानी | १८८०० | १४८०० | ४००० |
| ७ | रेणुका मा वि दिप्सुङ | ३३६०० | २७६०० | ६००० |
| ८ | जम्मा | | | २६८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.१ | | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची ४मा दिवा खाजाको लागि विद्यार्थीलाई नगद रकम उपलब्ध गराउने व्यवस्था छैन ।पालिकाले विनियोजित बजेट रु ५०३२४३३।०० मध्ये रु३४१५४७८।०० दिवा खाजा बापत खर्च लेखी हाजिरीको आधारमा रु १५ प्रति विद्यार्थीको दरले नगद बाँडेको देखियो। पुस्तिकाको उपरोक्त अनुसूचीको सि नं २ मा खाजा तयारी व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरुको संलग्नता र सहभागिता सुनिश्चित गर्ने उल्लेख भएकोमा नगद रकम विद्यार्थीलाई नै बाँडेकोले अभिभावक संलग्नता न्यून भएको देखियो। अतः दिवा खाजा कार्यान्वयन पुस्तिका मा तोकिए बमोजिम हुनुपर्दछ। पालिकाले यस वर्ष २८ विद्यालयमा दिवा खाजा वापतको रकम भनी विद्यालले उपलब्ध गराएको तथ्यांकको आधारमा रु.३४१५४७८।० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.२ | | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ अनुसार पालिकाले विद्यालयहरुलाई प्रारम्भिक बाल विकास देखि ५ कक्षासम्म अध्ययनरत विद्यार्थीहरुलाई भौचर नं ९८२४५ र २६७।०७९।३।२५ बाट दिवाखाजा प्रदान गरेकोमा देहायको विद्यालयलाई भएको निकासा भन्दा कम भरपाई भएको देखियो। नपुग भरपाई बमोजिम भएको बढी निकासा असुल गर्नुपर्ने रु | ३२०,८२५ |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भरपाई | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रदोदय प्रा वि बालवेसी | ८६९८५ | ६८६२५ | १८३६० | |
| २ | सूर्य मा वि सुङदेल | २७५११५ | २३२८८५ | ४२२३० | प्रत्येक कक्षाको प्रत्येक विद्यार्थीका समान उपस्थिति दिन रहेको |
| ३ | मनकामना आ वि | ११२२६० | ९४०२० | १८२४० | |
| ४ | तोमाने आवि तोमाने | ११८४८५ | ११३४०० | ५०८५ | |
| ५ | कालिका प्रा वि हानेडाँडा | ६२९७० | ६१९३५ | १०३५ | |
| ६ | रेणुका मा वि दिप्सुङ | ९४७२५ | ८१९०० | १२८२५ | |
| ७ | पृथ्वी मा वि बाक्सिला | २२४०१० | ११३१९० | ११०८२० | |
| ८ | थुपुँडाँडा मा वि | २२०७८५ | १०८५५५ | ११२२३० | |
| | जम्मा | | | ३२०८२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **सामाजिक लेखापरीक्षण** कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभुत तथा माध्यमिक तहलाई प्रति विद्यालय क्रमश: रु.१०,०००।- र रु.१५,०००।– का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस वर्ष पालिकाले आधारभुत तथा माध्यमिक तहहरुलाई सामाजिक लेखापरीक्षणको लागि रु ४०५०००.० निकासा दिएकोमा सामाजिक लेखापरीक्षण गराई पेश गरेको देखिएन । लेखापरीक्षण गर्नको लागि अनुदान दिएकोमा सो गरेको नदेखिएकोले सामाजिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | ४०५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **निःशुल्क पाठ्यपुस्तक**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । जसअनुसार पालिकाले ईमिसमा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गर्ने तथा सत्यापित बिबरण शिक्षा अधिकृतबाट प्रमाणीत विवरणबाट कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले यो वर्ष पालिका भित्रका ३७ विद्यालयमा पाठ्यपुस्तक अनुदान वापत भौ नं ९८।०७८।११।२७ बाट ७५ प्रतिशतले हुने रु.१३३८७८३।०३ निकासा दिएको छ भने भौचर नं २४५। २०७९।३।२५ को रु ५१७६३४।२ गरी जम्मा रु १८५६४१७।२३ निकासा गरेको छ।सत्यापन बेगर विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएकोले पाठ्यस्पुस्तक वितरण भए नभएको पालिकाबाट अनुगमन हुनुपर्दछ। | |
| ७२ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च नं २२५ मिति २०७९।३।१७ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको दुई कोठे,चारकोठे भवन निर्माण तथा पढ्दै कमाउँदै कार्यक्रमको लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बन्धित विद्यालयलाई यथाशीघ्र निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखी कार्य प्रगतिको आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथाशीघ्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधिसम्म विद्यालयको भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नु पर्दछ ।<br><br>भौ नं र मिति \| विवरण \| रकम<br>५१।२।१७ \| पत्करु आधारभुत विद्यालय मा ४ कोठे नयाँ भवन निर्माण \| ३६०००००<br>५१।२।१७ \| गँगा जमुना आधारभुत विद्यालयमा २ कोठे नयाँ भवन निर्माण \| १८०००००<br>५६।२।३१ \| मालिकादेवी आधारभुत विद्यालय मा २ कोठे नयाँ भवन निर्माण \| १८००००० | ७,२००,००० |
| ७३ | | | **शिक्षक दरबन्दी र पदपूर्ति**<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी १७२ रहेकोमा १०४ स्थायी ५७ राहत र ११ करार गरी को पदपूर्ति भएको छ । विद्यार्थीको संख्या ३७२३ रहेकोले शिक्षक विद्यार्थीको अनुपात १।२१ देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **कम कर कट्टि :**<br>भौ नं २६८।०७९।३।२५ मकै बालीको साना व्यवसाय कृषि उत्पादन कार्यक्रम अन्तर्गत पालिकाबाट अनुदानमा वितरण गर्न ७ बटा कम्वाइन मिल खरिद गरेको छ । सम्झौतामा खरिद मुल्यको २५ प्रतिशत कृषकले व्यहोर्ने उल्लेख भएकोमा नपुग राजश्व सम्वन्धित कृषकबाट असुल गरी गाउँपालिकाको राजश्व खातामा दाखिला गर्नुपर्ने रु | ७,५०० |

| नाम | जम्मा गर्नुपर्ने रकम | जम्मागरेको रकम | नपुग रकम |
|---|---|---|---|
| कमलबहादुर तामाङ | १६२५० | १५००० | १२५० |
| हिरामणीतामाङ | १६२५० | १५००० | १२५० |
| लक्ष्मीप्रसाद राई | १६२५० | १५००० | १२५० |
| दावानशेर्पा | १६२५० | १५००० | १२५० |
| पासाङशेर्पा | ३२५०० | ३०००० | २५०० |
| जम्मा | | | ७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **सामाजिक सुरक्षा तर्फ :** | |
| ७५.१ | | | पालिकालाई यस वर्ष सामाजिक सुरक्षा वापत रु ६३४३३६८९।३७ निकासा गरेकोमा बैक मार्फत रु ६३०८२३६० वितरण गरी बाँकि रु ३५१३२९।४ फिर्ता गर्नुपर्नेमा रु ३३२९४५।६६ मात्र गरेकोले संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु | १८,३८३.७१ |
| ७५.२ | | | निश्कृय लाभग्राही: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २३(५) मा खाता सञ्चालनगर्ने बैक तथा वित्तिय संस्थाले सामाजिक सुरक्षा वचत खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्वन्धित स्थानिय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था छ । बैकले निष्कृय खाताको विवरण स्थानिय तहलाई उपलब्ध गराएका छैनन् ।कार्यविधिले तोके बमोजिमको विवरण बैकले समयमानै उपलब्ध गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५.३ | | | निरीक्षण तथा अनुगमन :सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई,प्रदेश सरकारको मन्त्रालय तथा गाउँकार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । | |
| ७५.४ | | | हिसाव मिलान: सामाजिक सुरक्षा कार्यविधि, २०७७ को दफा १४(४) मा स्थानिय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकासा/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो त्रैमासिकको हिसाव मिलानको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले त्रैमासिक रुपमा हिसाव मिलान नगरी आर्थिक वर्षको अन्त्यमा मात्र हिसाव मिलान गर्ने गरेको पाइयो ।कार्यविधिले तोकेको प्रक्रिया पालना गर्नुपर्दछ । | |
| ७५.५ | | | पारदर्शिता :सामाजिकसुरक्षाभत्ता वितरणकार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| ७६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम :**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।पालिकाले यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक मर्मत,सोलिङ र गोरेटो निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०५ जनालाई रोजगारी उपलव्ध गराई रु ६०,५८,५००।०० खर्च गरेको छ । पालिकाले लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७७ | | | **पंजीकरण तर्फ**<br>गो.भौ.नं.-११३ -२०७८/१२/१ पञ्जिकरण शाखा वाट सञ्चालित आयोजना समन्वय समितिको बैठक भत्ता भुक्तानी गर्दा उपस्थिति नभएको बैठकको पनि भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु. | २,५५० |

| नाम | उपस्थिति संख्या | भत्ता बुझेको भरपाई | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १खगेन्द्र बहादुर गुरुङ | 1 | ३ | १७०० |
| २ प्रकाश आचार्य | ० | १ | ८५० |
| जम्मा | | | २२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **कर दस्तुर तथा अन्तशुल्क अशुलीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २४००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु १२६०८०९ अर्थात अनुमान भन्दा ४७।४६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ७९ | | | **राजस्व दाखिलाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ र नियम ५८(४) बमोजिम तोकिएको समयमा राजश्व दाखिला र लेखा राख्ने व्यवस्था गर्नुपर्दछ । पालिका अन्तर्गतका वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरेको देखिएकाले नियमानुसार दाखिला हुनु पर्दछ । पालिकाले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा विशेष ध्यान दिनुपर्दछ । | |
| ८० | | | **व्यवसाय करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १९४२५० कर संकलन गरेको देखिएतापनि पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ८१ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>४१३०५१६२५।६६</td><td>१२६०८०९</td><td>०।३०</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **नगदी रसिद तथा सोको आयः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाका देहाय बमोजिम शाखा तथा वडाका कर्मचारीले नगदी रसिद बुझेकोमा सो रसिदहरु साथै सुचना प्रविधिमा आधारित सफ्टवेर प्रयोग भएका वडा कार्यालयको साउन र भदौ महिनाको वडागत आय विवरण पेश नभएको हुदां के कति आम्दानी भयो र कति दाखिला भयो यकिन गर्न सकिएन । १ नं. वडा कार्यालयमा कार्यरत का स श्री ज्ञान बहादुर सार्कीले ४४५१ देखि ४५०० सम्मको मालपोत रसिद बुझिलिएकोमा सोको लेखापरीक्षणमा पेश नभएकोले कार्यालयबाट छानबिनगरी उक्त ठेलीबाट अशुल भएको रकम जिम्मेवारबाट असुल गरि संचितकोषमा दाखिला हुनु पर्छ । | |
| ८३ | | | **कर तथा शुल्क अशुलीः**<br>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>आय शीर्षक \| अनुमान \| असुली \| असुली प्रतिशत<br>मालपोत कर \| नखुल्ने \| ० \|<br>घरजग्गा वहाल कर \| नखुल्ने \| १३२२६।५० \|<br>व्यवसाय कर \| नखुल्ने \| १९४२५० \|<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ८४ | | | **राजस्व अभिलेखः**<br>राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा नआएको र प्रयोग भएका सबै रसिद ठेलिहरु पेश नभएकोले सकलित राजश्वको यथार्थता यकिन भएन ।पालिकाले सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान जानुपर्दछ । यथार्थ राजश्वको सुनिश्चत गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण :<br>भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु.४५ लाख भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन ।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।<br>• अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष तथा सचिव सहित, प्रमुख प्रशासकिय अधिकृत र पालिका अध्यक्ष सम्मका पदाधिकारी तथा कर्मचारीहरुको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो ।त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>पेश्की बाँकि :</td><td></td></tr>
<tr><td>८६.१</td><td></td><td></td><td>प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा भएको पेश्की रकम सोहि आर्थिक बर्षमा फर्स्योट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फर्स्योट हुन बाकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नु पर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फर्स्योट गर्नु पर्ने व्यवस्था छ ।<br><table>
<tr><th rowspan="3">सि.नं.</th><th rowspan="3">पेश्की मिति</th><th rowspan="3">पेश्की लिनेको नाम</th><th colspan="3">चालु आ. व.</th><th colspan="3">जम्मा बाँकी पेश्की</th></tr>
<tr><th colspan="2">म्याद ननाघेको</th><th rowspan="2">म्याद नाघेको</th><th rowspan="2">म्याद ननाघेको</th><th rowspan="2">म्याद नाघेको</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>रकम</th><th>फछ्र्यौटको अन्तिम म्याद</th></tr>
<tr><td>१</td><td colspan="8">संस्थागत</td></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>रुपाकोट निर्माण सेवा प्रा.लि.</td><td>०</td><td></td><td>०</td><td>१,७७,२००</td><td>०</td><td>१,७७,२००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>५,७६२,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | ११/२५/२०७८ | आम्बोटे खानेपानी उ.स. | ९९,००० | १२/३०/२०७८ | ० | ९९,००० | ० | ९९,००० | | |
| | | | | ३ | ०२/१७/२०७९ | गंगाजमुना आधारभुत विद्यालय | ५,९४,००० | ०३/२१/२०७९ | ० | ५,९४,००० | ० | ५,९४,००० | | |
| | | | | ४ | ०२/१७/२०७९ | पत्करु आधारभुत विद्यालय | ११,८८,००० | ०३/२१/२०७९ | ० | ११,८८,००० | ० | ११,८८,००० | | |
| | | | | ५ | २०७९/०२/३१ | मालिका देवि आधारभुत विद्यालय | ० | ०४/०३/२०७९ | ५,९४,००० | ० | ५,९४,००० | ५,९४,००० | | |
| | | | | ६ | ०३/२५/२०७९ | गंगाजमुना आधारभुत विद्यालय | ० | ०४/२८/२०७९ | १२,०६,००० | ० | १२,०६,००० | १२,०६,००० | | |
| | | | | ७ | ०३/२५/२०७९ | पत्करु आधारभुत विद्यालय | ० | ०४/२८/२०७९ | २४,१२,००० | ० | २४,१२,००० | २४,१२,००० | | |
| | | | | ८ | ०३/२५/२०७९ | मालिका देवि आधारभुत विद्यालय | ० | ०४/२८/२०७९ | १२,०६,००० | ० | १२,०६,००० | १२,०६,००० | | |
| | | | | जम्मा | | | १८,८१,००० | | ५४,१८,००० | २०,५८,२०० | ५४,१८,००० | ७४,७६,२०० | | |
| | | | | २ | उपभोक्ता समिति | | | | | | | | | |
| | | | | १ | ०४/०१/२०७८ | छागेखोला विशुदु रुमाला साना सिचाई योजना | ० | | ० | ६,००,६७० | ० | ६,००,६७० | | |
| | | | | २ | ०४/०१/२०७८ | छागेखोला विशुदु रुमाला साना सिचाई योजना | ० | | ० | १,४१,१३७ | ० | १,४१,१३७ | | |
| | | | | ३ | ०४/०१/२०७८ | सप्तेश्वर फेदी खानेपानि निर्माण | ० | | ० | ६६,००० | ० | ६६,००० | | |
| | | | | ४ | ०४/०१/२०७८ | साकेला ग्रामिण सडक | ० | | ० | ९९,००० | ० | ९९,००० | | |
| | | | | ५ | ०९/११/२०७८ | बोयाटार रियाङ झोलुङ्गे पुल उ.स. | ११,७०,००० | १०/१६/२०७८ | ० | ११,७०,००० | ० | ११,७०,००० | | |
| | | | | ६ | १०/०६/२०७८ | बास्पानि दलित भवन | १,३२,००० | ११/१२/२०७८ | ० | १,३२,००० | ० | १,३२,००० | | |
| | | | | ७ | १०/०९/२०७८ | खडका देवाली थान फेदी सप्तेश्वर उ.स. | ६६,००० | ११/१५/२०७८ | ० | ६६,००० | ० | ६६,००० | | |
| | | | | ८ | ११/१८/२०७८ | नारायण बस्नेत | ५०,००० | १२/२३/२०७८ | ० | ५०,००० | ० | ५०,००० | | |
| | | | | ९ | ११/२४/२०७८ | दाम्खु कंखे बोबु हाँसु साकेलाथान सडक उ.स. | ३,३०,००० | १२/२९/२०७८ | ० | ३,३०,००० | ० | ३,३०,००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १० | १२/०१/२०७८ | चोखाने सडक मर्मत तथा खेल मैदान निर्माण योजना उ.स. | २,९७,००० | ०१/०६/२०७९ | ० | २,९७,००० | ० | २,९७,००० | |
| | | | ११ | ०१/०४/२०७९ | हस्पिटल देखि रंगशाला जाने सडक निर्माण उ.स. | ६६,००० | ०२/०८/२०७९ | ० | ६६,००० | ० | ६६,००० | |
| | | | १२ | ०२/१२/२०७९ | घट्टे ढुङ्गा झोलुङ्गे पुल निर्माण उ.स. | २,००,००० | ०३/१६/२०७९ | ० | २,००,००० | ० | २,००,००० | |
| | | | १३ | ०३/०९/२०७९ | चेरेङ्गा खानेपानी निर्माण तथा मर्मत उ.स. | ० | ०४/१२/२०७९ | १,२३,७५० | ० | १,२३,७५० | १,२३,७५० | |
| | | | १४ | ०३/०९/२०७९ | बर्खे खानेपानी आयोजना उ.स. | ० | ०४/१२/२०७९ | ८२,५०० | ० | ८२,५०० | ८२,५०० | |
| | | | १५ | ०३/१३/२०७९ | सुम्दे गाउँघर क्लिनिक निर्माण उ.स. | ० | ०४/१६/२०७९ | १,३८,००० | ० | १,३८,००० | १,३८,००० | |
| | | | जम्मा | | | २३,११,००० | | ३,४४,२५० | ३२,१७,८०७ | ३,४४,२५० | ३५,६२,०५७ | |
| | | | ३ | व्यक्तिगत | | | | | | | | |
| | | | १ | ०४/०१/२०७८ | बरुण घले गुरुङ | ० | | ० | ४०,००० | ० | ४०,००० | |
| | | | २ | ०५/०१/२०७८ | रमेश परियार | १,५०,००० | ०६/०५/२०७८ | ० | १,५०,००० | ० | १,५०,००० | |
| | | | ३ | ०९/२८/२०७८ | चन्द्र कुमारी अधिकारी | ३०,००० | ११/०४/२०७८ | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ४ | ०९/२८/२०७८ | राधा अधिकारी | ३०,००० | ११/०४/२०७८ | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ५ | ११/०२/२०७८ | भैरव बहादुर राई | ३०,००० | २०७९/०२/३० | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ६ | ११/२३/२०७८ | पवित्रा राई | ३०,००० | १२/२८/२०७८ | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ७ | ११/२३/२०७८ | युवराज राई | ३०,००० | १२/२८/२०७८ | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ८ | ११/२५/२०७८ | मसिनि राई | ३०,००० | १२/३०/२०७८ | ० | ३०,००० | ० | ३०,००० | |
| | | | ९ | १२/०१/२०७८ | निमा विश्वकर्मा | ३०,००० | ०१/०६/२०७९ | ० | ३०,००० | ० | ३०,००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>३,६०,०००</td><td></td><td>०</td><td>४,००,०००</td><td>०</td><td>४,००,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कुल जम्मा</td><td>४५,५२,०००</td><td></td><td>५७,६२,२५०</td><td>५६,७६,००७</td><td>५७,६२,२५०</td><td>१,१४,३८,२५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६.२</td><td></td><td></td><td>म्याद ननाघेको देहायनुसार पेश्की बाकि देखिएकोले प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ८० बमोजिम फर्छ्यौट हुनुपर्दछ ।
<table>
<tr><th>पेश्कि मिति</th><th>पेश्की लिने</th><th>म्याद नाघेको</th><th>म्याद ननाघेको</th></tr>
<tr><td>१।२०७८।९।२८ र २।०७८।११।३०</td><td>विवस ईन्टरनेशनल कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. लाई १५ बेडको हस्पिटल निर्माण गर्न दिएको ।</td><td>०</td><td>२२१०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।यस पालिकाको २०७८।७९ सम्मको फर्छ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसाररहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१३९५६४४१४</td><td>०</td><td>४४४६९२०१</td><td>०</td><td>१८४०३३६१५</td></tr>
</table>
</td><td></td></tr>
</table>